# मिति २०७४/०३/२१ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

१· प्रस्ताव नं १ मा छलफल गर्दा गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो।

२· प्रस्ताव नं २ मा छलफल गर्दा गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो।

३· प्रस्ताव नं ३ मा छलफल गर्दा गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो।

४· प्रस्ताव नं ४ मा छलफल गर्दा ढोरचौर गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ सर्वसम्मतले स्वीकृत गर्ने र अनुमोदनका लागि गाउँ सभामा पठाउने निर्णय गरियो।

५· प्रस्ताव नं ५ मा छलफल गर्दा मिति २०७४/०३/१४ गतेको गाउँ सभाको निर्णय तथा निर्देशन बमोजिम ढोरचौर गाउँपालिकाको केन्द्र नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ढोरचौर कायम भई आफ्नो भवन नभए सम्मलाई ढोरचौर वजार आसपास क्षेत्रमा घर भाडामा लिएर गाउँ कार्यपालिकाको कार्यालय तुरन्त संचालन गर्ने सर्वसम्मतीले निर्णय गरियो।

६· प्रस्ताव नं ६ मा छलफल गर्दा ढोरचौर गाउँपालिकाको नाम "सिद्ध कुमाख गाउँपालिका" राख्ने प्रस्ताव गाउँसभामा लग्ने सर्वसम्मतले निर्णय गरियो।

७· प्रस्ताव नं ७ मा छलफल गर्दा ढोरचौर गाउँ कार्यपालिकाको बैठक बसे वापत प्रति सहभागि प्रति बैठक रु १५०० ( एक हजार पाँच सय रुपैया) का दरले र गाउँसभाको बैठक, गाउँसभा तथा गाउँ कार्यपालिका अन्तर्गतका समितिको बैठक र वडा समितिको बैठक बसे वापत प्रति सहभागि प्रति बैठक रु १०००।- (एक हजार रुपैया) का दरले भत्ता उपलब्ध गराउने।एक महिनामा ३ वटा भन्दा बढी बैठक बसेमा ३ वटा बैठकको मात्र भत्ता उललब्ध गराउने। यो निर्णयहुनु भन्दा अघि बसेका बैठकको भत्ता पनि यही निर्णय बमोजिम उपलब्ध गराउने। ब·शि·नं· २११११९ अन्य भत्तामा रकम रु ८०,०००।-(असी हजार मात्र) विनियोजित भएकोमा कार्यपालिका गाउँ सभा तथा वडा समिति तथा अन्य समितिहरुको पटक पटक बस्ने बैठक प्रक्रियामा निर्णय भएअनुरुप बैठक भत्ता नपुग हुनजाने भएकोले ब·शि·नं· २२५२२ (कार्यक्रम खर्च) बाट नपुग हुनजाने रकम रु २,५०,०००।-(दुई लाख पचास हजार मात्र) उक्त अन्य भत्ता शिर्षकमा रमानान्तर गरी बैठक भत्ता भुक्तानी खर्च लेख्ने गरी सर्वम्मतले निर्णय गरियो।साथै भत्ता सम्बन्धी अन्य ब्यबस्था गाउँ कार्यपालिकाले बनाएको कार्यबिधि अनुसार हुने सर्वसम्मतले निर्णय गरियो।